# पाखीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## पाखीबास, धनकुटा

### कोशी प्रदेश, नेपाल

**आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सुचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८२।०५।१२**

पाखीबास नगरपालिकाबाट स्वीकृत पाखीबास नगरपालिकाको आर्थिक ऐन २०८२ बमोजिम नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क (**यस कार्यालयले तोकिदिएको क्षेत्रमा**) चालु आ. व. २०८२।०८३ का लागि प्रचलित कानुन बमोजिम आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक, व्यक्ति, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रहि तपसिलको मिति, समय र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपशिल**

| ठेक्का नं | विवरण | न्यूनतम बार्षिक दर (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| २/०८२/८३ | **विज्ञापन कर** | रु ३२०००। (बत्तीस हजार रुपैया मात्र ) । | रु १०००। | १५ औ दिन २०८२।०५।२६ गते कार्यालय समय भित्र | १६ औं दिन २०८२।०५।२७ गते दिनको १२ बजे | १६ औं दिन २०८२।०५।२७ गते दिनको २ बजे |

शर्तहरु

१. शिलबन्दी बोलपत्रको साथ आफुले कबोल गरेको कुल अंकको ५ प्रतिशत रकम धरौटी बापत यस कार्यालयको एन आई सि एसिया बैक लि को पाखीबासमा रहेको स्थानीय तह धरौटी खाता नं **88CA502647524003** मा जम्मा गरेको सकलै भौचर संलग्न गर्नुपर्नेछ।

२. प्रत्येक ठेक्काको लागि तोकिएको बोलपत्र फारम दस्तुर तिरी पाखीबास नगरकार्यपालिकाको कार्यालयको राजस्व शाखा बाट कार्यालय समय भित्र खरिद गर्न गर्न सकिनेछ ।

३. तोकिएको न्यूनतम बार्षिक दरमा सबै भन्दा बढी अंक कबोल गर्ने र रीतपुर्वक पेश भएको आवेदनलाई स्विकृत गरिनेछ । दर्ता भएका शिलबन्दी बोलपत्र १६ औं दिनको अपरान्ह २ बजे कार्यालयका प्रतिनिधी र आवेदकहरुको रोहवरमा शिलबन्दी खोलिनेछ । आवेदकहरु अनुपस्थित भएमा पनि यस कार्यालयलाई शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।बोलपत्र पेश गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट बोलपत्र सम्बन्धि कारवाही हुनेछ ।

४. म्याद नाघी आएको वा रीत नपुगेको फारम उपर कुनै कारवाही हुने छैन ।

५. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

६. शिलबन्दी बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले कबोल अंकको एकमुष्ठ रकम तथा सो को १३ प्रतिशत मु.अ. कर समेत सम्झौताको बखतमा जम्मा गर्नु पर्नेछ ।

७. पाखीबास नगरपालिकाको आर्थिक ऐन २०८२ ले निर्धारण गरेको विज्ञापन करको तोकिएको दर भन्दा बढी रकम सेवा शुल्क बापत लिन पाईने छैन ।

८. ठेक्का बन्दोबस्ती सम्बन्धी अन्य व्यबस्था प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

९. अन्य जानकारीको लागि यस कार्यालयको वेभ साईट pakhribasmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

(विज्ञान कोईराला)
प्रमुख प्रशासकीय अधिकृत